**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs          Date: 06.10.2025**

**CM-PM: Desk**

मुख्यमन्त्री प्रेमिसिंह तामाङले आज प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्नुभयो। उहाँले प्रधानमन्त्रीलाई जीएसटी २.० को ऐतिहासिक सुरुवातका लागि बधाई दिनुभयो।

**Governor-CM- Condolence: Vishnu Neupane**

राज्यपाल ओम प्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङले दार्जिलिङ र कालेबुङ जिल्लाहरूमा हालै आएको विनाशकारी बाढी र पैह्रोमा ज्यान गुमाएका पीडितहरूका परिवारप्रति गहिरो दुःख र समवेदना व्यक्त गर्नुभएको छ। उहाँहरूले शोक सन्देशमा, शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै, दिवंगत आत्माको चीर शान्तिका लागि प्रार्थना गर्नुभयो र प्रभावित क्षेत्रका जनताले भोग्नुपरेको दुःखद परिस्थितिमा स्थानीय समुदायले देखाएको धैर्य, सामूहिक शक्ति र तत्काल राहत तथा उद्धार कार्यको खुलेर प्रशंसा गर्नुभयो। उहाँहरूले अग्रपंक्तिमा खटिएका उद्धारकर्मी, स्वयंसेवक र उद्धार कार्यमा संलग्न सबैको सराहना गर्दै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

**Triveni Rai: Desk**

सिक्किमकी चलचित्र निर्माता त्रिवेणी राईले बुसान अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा आफ्नो पहिलो चलचित्र **'शेप अफ मोमो'** का लागि प्रतिष्ठित पुरस्कार जितेकी छिन्। यस चलचित्रले प्रतिष्ठित चलचित्र महोत्सवमा दुई ठूला पुरस्कारहरू **ताइपेई फिल्म कमिशन अवर्ड** र **सोङवोन भिजन अवर्ड** प्राप्त गरेको छ।

**Gyalsing-Malaysian Tourists: IPR**

मलेसियाबाट आएका १३ जना वृद्ध पर्यटकहरूको समूहले आज पश्चिम सिक्किमको सबैभन्दा शान्त र रमणीय गन्तव्यहरूमध्ये एक बेघा गाउँको भ्रमण गरे। पवित्र वातावरण र परम्परागत जीवनशैलीका लागि परिचित, बेघा गाउँले आगन्तुकहरूलाई ग्रामीण सिक्किमको मुटुमा समेटिएको अर्थपूर्ण र गहन अनुभव प्रदान गर्‍यो। पर्यटक समूहले स्थानीय किसानहरूसँग अन्तरक्रिया गर्दा, उनीहरूले प्रकृतिसँग मिलेर बाँच्ने सिक्किमको दर्शनको अभिन्न पक्ष, जैविक खेतीबारे बहुमूल्य अन्तर्दृष्टि साझा गरे। मलेसियाली आगन्तुकहरूले बेघा गाउँले सिक्किमको भावनालाई कसरी सुन्दर ढङ्गले समेट्छ भन्ने कुरामा जोड दिए, जहाँ सरलता, दिगोपन र सांस्कृतिक सद्भाव एकसाथ फस्टाएको छ। भ्रमणले सांस्कृतिक सम्बन्धलाई मात्र बलियो बनाएन तर सिक्किमको दिगो यात्रा पहलको महत्त्वपूर्ण भागका रूपमा ग्रामीण पर्यटनलाई पनि प्रवर्धन गर्‍यो।

**DC Gyalshin: IPR**

दशैँ बिदापछि, गेजिङका जिल्लापाल तेन्जिङ डी डेन्जोङ्पाले आज गेजिङ जिल्ला अन्तर्गतका विभिन्न सरकारी कार्यालयको निरीक्षण गर्नुभयो। निरीक्षणको उद्देश्य बिदापछि कार्यालयहरूको समग्र कार्यसम्पादनको मूल्याङ्कन गर्नु अनि कर्मचारीहरूको उपस्थिति र समयनिष्ठताको समीक्षा गर्नु रहेको थियो। भ्रमणका क्रममा, जिल्लापालले अधिकारीहरू र कर्मचारीहरूसँग अन्तरक्रिया गर्नुभयो अनि अनुशासन, समयनिष्ठता र सार्वजनिक सेवाहरू प्रदान गर्ने सक्रिय दृष्टिकोण कायम राख्नुको महत्त्वमा जोड दिनुभयो। उहाँले सबै विभागलाई आधिकारिक कामको सहज पुन: सुरुवात सुनिश्चित गर्न र प्रभावकारी सार्वजनिक सेवा प्रदानतर्फ आफ्नो प्रयास जारी राख्न आग्रह गर्नुभयो। यस निरीक्षणले सबै अधिकारीहरूलाई दैनिक प्रशासनिक कार्यमा जवाफदेहिता र दक्षता कायम राख्न स्मरण गराउँदछ।

**Pakyong-Cohort Programme: IPR**

जिल्ला प्रशासन पाकिमले नोमाड सिक्किमसँगको सहकार्यमा याक्तेनमा आफ्नो किसिमको पहिलो समूह कार्यक्रम सुरु गरेको छ, जसको उद्देश्य सिक्किमको उद्यमशीलता पारिस्थितिक प्रणालीलाई सुदृढ पार्नु र मुख्यमन्त्रीको दूरदर्शी पहल "एक परिवार, एक उद्यमी" लाई अगाडि बढाउनु हो। अक्टोबर ५ मा सुरु भएको र अक्टोबर १२ सम्म जारी रहने यो कार्यक्रम आत्मनिर्भरता र नवप्रवर्तन-प्रेरित सिक्किम निर्माण गर्ने दिशातर्फको एउटा कदम हो र यसले देशभरि अन्य जिल्लाका लागि मोडेलका रूपमा काम गर्ने अपेक्षा गरिएको छ।

**HCM Coaching: IPR**

एचसीएम कोचिङ नाम्चीले शैक्षिक सत्र २०२५-२६ का लागि कक्षा १० र १२ मा भर्ना सुरु भएको घोषणा गरेको छ। यो शैक्षिक पहल मुख्यमन्त्री प्रेमसिंह तामाङद्वारा प्रायोजित हो। आधिकारिक सूचना अनुसार, १७ डिसेम्बर २०२५ देखि बिहान १०:३० बजे नाम्ची वरिष्ठ माध्यमिक विद्यालयमा कक्षाहरू सुरु हुनेछन्। कार्यक्रममा सबै विषयमा नि:शुल्क ट्यूसन प्रदान गरिन्छ, र विद्यार्थीहरूलाई अनुभवी र योग्य शिक्षकहरूद्वारा पढाइनेछ। यो आदर्श पहल २०१९ मा मुख्यमन्त्रीले स्थापित गर्नुभएको थियो, जुन शैक्षिक पहुँचलाई सुदृढ पार्ने र सिक्किममा समान सिकाइ अवसरहरूलाई प्रवर्धन गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो र यसले गुणस्तरीय शिक्षा सबै विद्यार्थीहरूका लागि किफायती र समावेशी रहने सुनिश्चित गर्दछ।